# आकाशवाणी समाचार- नेपाली

मितिः १६ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

1. प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इंडिया ए.आई. इम्पैक्ट समिट 2026 को उद्घाटन गर्नुहुनेछ।

2. गुगलले इन्डिया एआई इम्प्याक्ट समिटमा १५ अर्ब डलरको लगानीमा भारतलाई अमेरिकासँग जोड्ने घोषणा गरेको छ ।

3. भारतीय खाद्य निगमले विश्व खाद्य कार्यक्रमसँग एउटा महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेको छ।

4. निर्वाचन आयोगले पश्चिम बंगालमा एसआईआर अन्तर्गत अधिक सख्यामा मतदाताको कागजात अनलाइनमार्फत अपलोड गर्न नसकेको भन्दै सम्बन्धित अधिकारीहरुलाई कारण देखाउ नोटिस जारी गर्ने निर्णय गरेको छ।

5. आईसीसी पुरुष टी20 क्रिकेट विश्व कपमा भारतले नेदरल्यान्ड्सलाई १७ रनले पराजित गरेको छ।

**पीएम-एआई इम्पैक्ट समिट**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इंडिया ए.आई. इम्पैक्ट समिट 2026 को उद्घाटन गर्नुहुनेछ। उद्घाटन समारोहमा फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रों, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस र विश्वका धेरै शीर्ष व्यापारिक नेताहरूले पनि सम्बोधन गर्नेछन्। उद्घाटन समारोहपछि नेताहरूले इन्डिया एआई इम्प्याक्ट एक्स्पोको भ्रमण गर्नेछन्।
यसअघि हिजो प्रधान मन्त्री नरेन्द्र मोदीले इन्डिया एआई इम्प्याक्ट समिटमा भाग लिन आएका वैश्विक नेताहरुलाई भेटघाट गर्नुभयो

बाइट

**स्टील-एआई शिखर सम्मेलन**

इस्पात मन्त्रालयका सचिव सन्दिप पोन्ड्रिकले भारतमा स्टिलको खपतमा अभूतपूर्व वृद्धि भएको बताउनु भयो । यो २०१४-१५ मा सात करोड 70 लाख टनबाट बढेर २०२४-२५ मा 15 करोड़ 20 लाख टन पुगेको छ। हिजो नयाँ दिल्लीमा इन्डिया एआई इम्प्याक्ट समिटमा स्टिल मिनिस्ट्री पेभिलियनमा आयोजित एक सत्रलाई सम्बोधन गर्दै उहाँले यो कुरा भन्नुभयो। श्री पोन्ड्रिकले भारतको कच्चा इस्पात उत्पादन क्षमता 2030-31 सम्म तीस करोड़ टन र 2035-36 सम्म 40 करोड़ टन पुग्ने विश्वास व्यक्त गर्नुभयो।

**गूगल - अमरीका - भारत संपर्क**

गुगलले इन्डिया एआई इम्प्याक्ट समिटमा १५ अर्ब डलरको लगानीमा भारतलाई अमेरिकासँग जोड्ने घोषणा गरेको छ । अमरीका-इंडिया कनेक्ट अवसंरचना पहल मार्फत विशाखापट्टनममा एक नयाँ अन्तर्राष्ट्रिय अन्डरसी गेटवे स्थापना गरिनेछ। भारतलाई सिंगापुर, दक्षिण अफ्रिका र अस्ट्रेलियासँग जोड्ने तीन नयाँ समुद्री मार्गहरू र चार रणनीतिक फाइबर-अप्टिक मार्गहरू पनि स्थापना गरिनेछ। नयाँ दिल्लीमा, गुगलका सीईओ सुन्दर पिचाईले भन्नुभयो, यो पहलले भारत, अमेरिका र दक्षिणी गोलार्धका धेरै स्थानहरू बीच एआई कनेक्टिभिटी बढाउनको लागि समुद्रमुनि केबल मार्गहरू प्रदान गर्दछ। उहाले भारतले एआईको क्षेत्रमा असाधारण प्रगति गर्ने बताउनु भयो ।

**एआई समिट - परामर्श**

इलेक्ट्रोनिक्स एवम् सूचना प्रविधि मन्त्रालयले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजित भारत एआई इम्प्याक्ट समिटको मद्देनजर एक सामान्य एडभाइजरी जारी गरेको छ। यसमा पंजीकृत भएका प्रतिनिधिहरूको लागि संशोधित प्रवेश र सुरक्षा व्यवस्थाको उल्लेख छ। एडभाइजरीमा भनिएको छ, 'भारत मण्डपम एक्स्पो एरिना पंजीकृत भएका र एक्स्पो प्रतिनिधिहरूका लागि बन्द रहनेछ भने कन्भेन्सन सेन्टरमा प्रवेश आमन्त्रणद्वारा मात्र हुनेछ। उद्घाटन समारोहका लागि वैध बैज बोकेका आमन्त्रितहरूलाई बिहान ६ बजेदेखि गेट नम्बर ४ वा गेट नम्बर १० बाट प्रवेश गर्न अनुमति दिइने मन्त्रालयले स्पष्ट पारेको छ। सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै समयभन्दा अगावै आई बिहान साढे सात बजेअघि नै प्रवेश गर्न भनिएको छ आमन्त्रित, वक्ता र सहभागीहरू सहित सबै दर्ता भएका प्रतिनिधिहरूलाई संशोधित प्रवेश व्यवस्थालाई ध्यानमा राख्न अनुरोध गरिएको छ। साथै, सबैलाई सुरक्षा र ट्राफिक कर्मचारीहरूलाई पूर्ण सहयोग गर्न र कार्यक्रम को सुचारू संचालन सुनिश्चित गर्न जारी गरिएको

निर्देशनहरूको कडाइका साथ पालना गर्न सल्लाह दिइएको छ।

**जयशंकर - जापान**

विदेशमन्त्री डॉ. सुब्रमन्यम जयशंकरले तोशिमित्सु मोटेगीलाई जापानको विदेश मन्त्रीमा पुनः नियुक्त भएकोमा बधाई दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले विशेष रणनीतिक र विश्वव्यापी साझेदारीका लागि भारत-जापान सहयोगलाई अगाडि बढाउनका लागि उनीहरूसँग निकट सम्पर्कमा रहेर काम गर्न तत्पर रहेको बताउनु भएको छ।

**शिवराज - वृक्षारोपण**

कृषि एवम् किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीको पुसामा वृक्षरोपण प्रतिज्ञाको पाँच वर्ष पूरा भएको उपलक्ष्यमा एक विशेष कार्यक्रमको नेतृत्व गर्नुहुनेछ। यो कार्यक्रम १९ फेब्रुअरी २०२१ मा नर्मदा जयन्तीको अवसरमा उनले सुरु गरेको हरित यात्राको उत्सव हो। त्यस दिन उहाले अमरकन्टकमा रुद्राक्ष र सालको बिरुवा रोपनुभएको थियो र प्रत्येक दिन कम्तिमा एउटा बिरुवा रोप्ने संकल्प गर्नुभएको थियो। व्यक्तिगत सङ्कल्पका साथ सुरु भएको तर पछि जनभागीदारी, वातावरणीय चेतना र सामाजिक चेतनाका रूपमा विकसित भएको अभियानका मुख्य विशेषताहरू यस कार्यक्रमले प्रदर्शन गर्नेछ।

**FCI-समझदारी पत्र**

भारतीय खाद्य निगमले विश्व खाद्य कार्यक्रमसँग एउटा महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेको छ। यस सम्झौता अन्तर्गत, भारतले विश्वव्यापी भोकमरी विरुद्ध लड्न २००,००० मेट्रिक टन चामल आपूर्ति गर्नेछ। केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले यो सम्झौताको घोषणा गरेको हो। खाद्य तथा सार्वजनिक वितरण विभागका सचिव संजीव चोपडाले भन्नु भयो यो सम्झौताले कोही पनि भोकै नपर्ने कुरा सुनिश्चित गर्ने देशको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**पश्चिम बंगाल-चुनाव आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन संशोधन प्रक्रिया (एसआईआर) अन्तर्गत अधिक सख्यामा मतदाताको कागजात अनलाइनमार्फत अपलोड गर्न नसकेको भन्दै सम्बन्धित निर्वाचन रजिष्ट्रेशन अधिकृत (इआरओ) लाई र सहायक निर्वाचन दर्ता अधिकारी-एआरईओ लाई कारण देखाउ नोटिस जारी गर्ने निर्णय गरेको छ।

सुनुवाइ सकिएको चार दिन बितिसक्दा पनि करिब एक लाख पन्ध्र हजार कागजात अहिलेसम्म अपलोड हुन सकेका छैनन्। आयोगले सबै ईआरओ र एआरओलाई स्पष्ट निर्देशन दिएको थियो कि यदि कुनै आवेदन अस्वीकृत भयो भने यसको विशिष्ट कारण स्पष्ट रूपमा उल्लेख गरिनु पर्छ। तर, कैयौँ केसमा यो नियम उल्लंघन भएको आरोप लागेको छ। डिस्पोजल प्रक्रिया पनि ढिलो छ, र केही क्षेत्रहरूमा अचानक प्रणाली खराबी रिपोर्ट गरिएको छ।

यसैबीच, तृणमूल कांग्रेसले विशेष मतदाता सूची पर्यवेक्षक सी मुरुगनले व्हाट्सएपमार्फत अधिकारीहरूलाई निर्देशन जारी गरेर सर्वोच्च अदालतको आदेशको उल्लंघन गरेका आरोप लगाएको छ।आरोपहरूको जवाफमा, राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले श्री मुरुगनले कुनै स्वतन्त्र निर्देशन जारी नगरेको, बरु उनले आयोगको निर्देशनहरूको व्याख्या मात्र गरेका बताउनु भयो।

**प्रधानमंत्री-रमजान**

देशका धेरै भागहरूमा हिजो साँझ चन्द्रमा देखेसँगै रमजानको पवित्र महिना आज सुरु भएको छ। आज रमजानको पवित्र महिनाको पहिलो दिन हो। रमजान इस्लामिक क्यालेन्डरको नवौं महिना हो र इद उल फित्र यसै महिनाको अन्त्यमा मनाइन्छ। प्रधानमन्त्री नरेन्द्र मोदीले रमजानको पवित्र महिना सुरु भएकोमा देशवासीलाई शुभकामना व्यक गर्नुभयो। सोशल मीडियाको एक पोस्टमा श्री मोदीले 'रमजान मुबारक' भन्दै यो शुभ महिनाले समाजमा एकताको भावनालाई अझ बलियो बनाउने आशा वक्त गर्नुभयो।

**अमेरिका - डिएगो गार्सिया**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायती प्रधानमन्त्री केयर स्टारमरलाई डिएगो गार्सियालाई मौरिससलाई नहटाउन आग्रह गर्नु भएको छ। आणविक सम्झौतालाई लिएर अमेरिका र इरानबीच सैन्य टकरावको सम्भावना रहेको बेला यो अनुरोध गर्नु भएको हो। २०२५ को सम्झौता अनुसार, बेलायतले चागोस टापुहरू मौरिससलाई फिर्ता गर्ने छ, जबकि डिएगो गार्सियामा रहेको अमेरिकी-बेलायती सैन्य अड्डा ९९ वर्षको लागि भाडामा दिइनेछ। ट्रम्पले चागोस टापुहरूको हस्तान्तरण र सैन्य अड्डा भाडामा दिनुलाई ठूलो गल्ती हो भनि भन्नु भएको छ। यदि इरान जेनेभा वार्ता पछि आणविक सम्झौतामा सहमत भएन भने, अमेरिकाले सम्भावित आक्रमणलाई रोक्न डिएगो गार्सिया प्रयोग गर्न सक्ने वहाँले थप भन्नुभयो। अमेरिकी राष्ट्रपतिले अझ भन्नु भयो अमेरिका आवश्यक परेमा नेटो सहयोगी बेलायतको लागि लड्न तयार छ। वहाँले चुनौतीहरूको सामना गर्दा बेलायतलाई बलियो रहन आग्रह पनि गर्नु भयो।

**एनसीबी-बेंगलुरु**

नारकोटिक्स कन्ट्रोल ब्यूरो (एनसीबी) ले बेंगलुरुको केम्पेगौडा अन्तर्राष्ट्रिय विमानस्थलमा ब्राजिलका एक यात्रीबाट साढ़े चार किलोग्राम भन्दा बढी कोकिन बरामद गरेको छ। एनसीबीको बेंगलुरू इकाईले विशेष खुफिया जानकारीको आधारमा अभियुक्तलाई हिजो बिहानै पक्राउ गरेको थियो। ब्यूरोले चार महिलाहरूको ह्यान्डब्याग विशेष रूपमा परिमार्जन गरिएको थियो र त्यसमा कोकिन भएको कपडा थियो। सम्भावित सञ्जाल पत्ता लगाउन अभियुक्तलाई गहन सोधपुछका लागि हिरासतमा लिइएको छ। एनसीबीले नारकोटिक **स्वापक औषधि और मनप्रभावी पदार्थ अधिनियम** अन्तर्गत कानुनी कारबाही सुरु गरिएको जनाएको छ।

**छत्तीसगढ - घर सूचीकरण**

जनगणना २०२७ अन्तर्गत यस वर्ष 1 मइ देखि 30 मइ सम्म छत्तीसगढमा घर सूचीकरण र आवास गणनाको पहिलो चरण सञ्चालन गरिनेछ। यो प्रक्रियाले ३३ जिल्ला, २५२ तहसील र १९,९७८ गाउँहरूलाई समेट्नेछ। हिज रायपुरमा राज्य र विभागीय अधिकारीहरूको लागि प्रशिक्षण सम्मेलन आयोजना गरिएको थियो।

**आईसीसी पुरुष टी-20**

आईसीसी पुरुष टी20 क्रिकेट विश्व कपमा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा भएको समूह 'ए' को अन्तिम खेलमा भारतले नेदरल्यान्ड्सलाई १७ रनले पराजित गरेको छ। पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा १९३ रन बनाएको थियो। शिवम दुबेले सर्वाधिक ६१ रन बनाए। १९४ रनको लक्ष्य पछयाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १७६ रन मात्र बनाउन सक्यो।